# राजवंशी महिला समाज

**भूमिका :**

राजवंशी  जाति नेपाल सरकारद्धारा मान्यता प्राप्त ५९ आदिवासी जनजातिहरु मध्ये एक आदिवासी जनजति हो र यसलाई सिमान्तकृत समूहमा सूचिकृत गरिएको छ । राजवंशी समूदायको बाक्लो बसोबास नेपालको पूर्वि तराईको झापा र मोरङ जिल्लाहरुमा रहेको पाइन्छ ।तथ्याङ्क विभागको तथ्याङ्क(२०५८) अनुसार राजवंशीहरुको जनसंख्या जम्मा ५८,०२४ रहेको छ । जसमा २८,९२६ पुरुषका र २९,०९८ महिलाको जनसंख्या रहेको छ ।

कृषि व्यवसाय राजवंशी  जातिहरुको प्रमुख पेशा रहेपनि केही राजवंशीहरु सानातिना व्यवसाय र उद्योग धन्दालाई पनि पेशाको रुपमा लिएका छन भने, न्यून संख्यामा उनीहरु सरकारी र गैर सरकारी संस्थानहरुमा पनि कार्यरत देखिन्छन ।

नेपाल राजवंशी  महिला विकास संघ, राजवंशी  महिलाहरुको सामाजिक, सँस्कृतिक, आर्थिक र राजनीतिक हक र अधिकारलाई संवर्न्द्धन र प्रर्वधन गर्ने प्रतिवद्धताका साथ स्थापना भएको एक मुनाफा रहित स्वतन्त्र, गैर राजनितिक विशूद्ध जातिय संस्था हो । यो संस्था २०६२ सालमा स्थापना भई जिल्ला प्रशासन कार्यलय काठमाडौंमा दर्ता हुनुको साथै समाज कल्याण परिषदमा पनि आवद्ध भई सकेको छ । साथै यो राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, २४ वटा आदिवासी जनजाति महिलाहरुको छाता संगठनको पनि एक सदस्यको रुपमा रहेको छ ।

**संस्थाको संरचना :**

नेपाल राजवंशी महिला विकास संघको केन्द्रिय समितिको विधान अनुसार प्रत्येक ३ /३ वर्षमा एक पटक हुने महाधिवेशनको लोकतान्त्रिक निर्वाचन प्रकृयाबाट ७ सदस्यि केन्द्रिय कार्यकारिणी समितीको चयन हुने गर्दछ । महाधिवेशनले पारित गरेको नीतिनियम र मार्गनिर्देशन अनुसार संस्थाको कार्यक्रमहरुको निरिक्षण र नियन्त्रण गर्ने जिम्मा पनि उक्त केन्द्रिय समितिमा नै रहने गर्दछ ।

**संगठनिक ढाँचा**




**दिर्घकालिन सोच :**

राजवंशी महिलाहरुलाई राष्ट्र विकाश प्रकृयामा समाहित गराउँदै जातिय, भाषिक, धार्मिक र लैंगिक  आधारमा समता र समानता प्राप्त गराउन सक्षम बनाउने ।

**ध्येय** :

समाजमा रहेका राजवंशी महिलाहरुलाई ग्रामिण तह देखि जिल्ला हुँदै राष्ट्रिय तथा अर्न्तराष्टिय् स्तर सम्म ल्याउन सशक्तिकरण गर्नुका साथै समाजमा विद्यमान लैङ्गिक र जातिय विवेदहरुलाई हटाउन योगदान पुऱ्याउने ।

**उद्देश्यहरु** :

१. राजवंशी महिलाहरुलाई सामाजिक, साँस्कृतिक, अर्थिक, भाषिक र जातिय पहिचानप्रति सचेत गराउने ।

२. राजवंशी महिलाहरुलाई तालिम, कार्यशाला गोष्ठी, अर्न्तकृया, प्रकाशन, अध्ययन तथा अनुसन्धान आदि कार्यक्रमहरुद्धारा सशक्तिकरण गराउने ।

३. राजवंशी महिलाहरुलाई राज्य संयन्त्रमा मूलप्रवाहित गराउन वकालत तथा पहल गर्ने ।

४. आदिवासी जनजाति तथा महिलाहरुको आवाजलाई बुलन्द पार्न साझा उद्देश्य भएका राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ/संस्थाहरुसंग सम्बन्ध विस्तार गर्ने ।

५. राजवंशी समुदाय माझ लैगिक सचेतना सम्बन्धी कार्यक्रमहरु गर्ने ।

६. आर्थिकरुपमा पिछडिएका राजवंशी महिलाहरुलाई उत्थान गर्ने खालका परियोजनाहरु संचालन गर्ने ।

**कार्यक्रम / कृयाकलापः**

नेपाल राजवंशी  महिला विकास संघबाट संचालन हुने कार्यक्रम / कृयाकलापहरु :

१. भाषा तथा संस्कृति जर्गेना गर्ने खालका कार्यक्रम

- साँस्कृतिक कार्यक्रम आयोजना
- साँस्कृतिक भेषभूषा प्रर्दशनी

२. राजवंशी  महिलाहरुलाई सशक्तिकरण गर्ने कार्यक्रम

- प्रौढ शिक्षा कक्षा संचालन

३. राजवंशी महिलाहरुलाई आर्थिक, सामाजिक र राजनैतिकरुपमा सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु

- जातिय चेतना अभिवृद्धि तालिम
- महिला अधिकार बारे चेतना अभिवृद्धि तालिम
- आय आर्जनका कार्यक्रमहरु

३. संगठनको विस्तार र विकासका लागी विभिन्न जिल्लाहरुमा गठन भएका जिल्ला समितिहरुको संस्थागत विकास गर्ने र बाकी रहेका जिल्लाहरुमा समिति, नगर विकास समिति र गाउं विकास इकाई समितिहरु गठन र विस्तार
४. राजवंशी  महिलाहरुको लागी दिगो जिवीकोपार्जनका परम्परागत ज्ञान र  सीपको विकासका साथै स्थानीय स्रोत साधानमा पहुचको लागि कार्यक्रमहरु
५.राजवंशी महिलाहरुको हक र अधिकार स्थापित गर्ने खालका कार्यक्रमहरु
६. नेपाल राजवंशी  महिला विकास संघ( ने.रा.म.वि.सं.) .संग साझा सवालहरु भएका अन्य संघ संस्थाहरुसंग सम्बन्ध विस्तार गर्दै जाने ।

**कार्यक्रमको मुख्य उपलव्धिहरु**
१. राजवंशी  महिलाहरु आर्थिक, सामाजिक र राजनैतिकरुपमा सशक्तिकरण भएका हुनेछन् ।
२.नेपाल राजवंशी  महिला विकास संघ( ने.रा.म.वि.सं.)को विभिन्न जिल्ला, गाँउ, र इकाई समितिहरुमा संगठनको विस्तार र विकास भएको हुनेछ ।
३.राजवंशी  महिलाहरुले परम्परागत ज्ञान र सीपको विकास गर्न सक्षम भएका हुनेछन् ।
४.राजवंशी  महिलाहरुको भाषा तथा संस्कृति जर्गेना भएको हुनेछ ।
५.राजवंशी  महिलाहरुको हक रअधिकार स्थापित भएको हुनेछ ।
६. राजवंशी  महिलाहरुको जातीय पहिचान दस्तावेजिकरण भएको हुनेछ  ।

**ठेगाना :**
राजवंशी महिला समाज
केन्द्रिय समिति
झापा, मोरङ

**Email** :
meeru_59@yahoo.com

Registration No. 1244/062/063